राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०८ बमोजिम तयार पारिएको

विधेयकमा संशोधन प्रस्तावको एकीकृत विवरण

विधेयकको नामः आन्तरिक वायुसेवाको दायित्व सम्बन्धी विधेयक,२०८३

संशोधनको सूचना दर्ता गराउनु भएका माननीय सदस्यहरू (दर्ताक्रमानुसार):

दर्ता नं.	संशोधन प्रस्तावकर्ता माननीय सदस्य	दर्ता नं.	संशोधन प्रस्तावकर्ता माननीय सदस्य
०१	मा. भुवन बहादुर सुनार	०२	मा. खम्म बहादुर खाती, मा. विष्णु कुमारी सापकोटा, मा. धर्मेन्द्र पासवान, मा. पदम बहादुर परियार र मा. वासुदेव घिमिरे
०३	मा. प्रेम प्रसाद दंगाल	०४	मा. विष्णुबहादुर विश्वकर्मा, मा. सावित्री मल्ल र मा. घनश्याम रिजाल
०५	मा. मदन कुमारी शाह(गरिमा), मा. सुरेश कुमार आलेमगर, मा. रेनु चन्द, मा. नर बहादुर बिष्ट र मा. श्रीकृष्ण प्रसाद अधिकारी		

संशोधन प्रस्तावको विवरण (दफाक्रमानुसार मिलाइएको)

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना /दफा	उपदफा	खण्ड	उपखण्ड	
१.	मा. प्रेम प्रसाद दंगाल	विधेयकको नाम				आन्तरिक वायुसेवाको पछाडि "कर्तव्य र" शब्दहरू थप्ने।
२.	मा. विष्णु बहादुर विश्वकर्मासमेत	२	(ग)			.....प्याकेजिङ्ग गर्नु पर्ने पछि "हातहतियार" शब्द थप्नु पर्ने।
३.	मा. मदन कुमारी शाह(गरिमा)समेत	२	(ग)			...प्याकेजिङ्ग गर्नु पर्ने पछि "हातहतियार" शब्द थप्नु पर्ने।
४.	मा. भुवन बहादुर सुनार	२	(छ)	(१)		कारणबाट शब्दपछि "बाहेक" शब्द थप गर्ने।
५.	मा. विष्णु बहादुर विश्वकर्मासमेत	२	(ण)			.....टिकट प्राप्त गरी पछिका "वा अन्य कुनै तरिकाले" शब्दहरु हटाउने।
६.	मा. मदन कुमारी शाह(गरिमा)समेत	२	(ण)			....टिकट प्राप्त गरी पछिका "वा अन्य कुनै तरिकाले" शब्दहरु हटाउने ।
७.	मा. खम्म बहादुर खातीसमेत	२	(न)			खण्ड (न) पछि (य) थप गरी सुविधा तथा क्षतिपुर्तिको परिभाषा थप गर्नु पर्ने ।
८.	मा. प्रेम प्रसाद दंगाल	३				आन्तरिक वायुसेवाको यात्रुप्रतिको पछाडिको शब्द "दायित्व" हटाई "कर्तव्य" शब्द थप्ने।

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना /दफा	उपदफा	खण्ड	उपखण्ड	
			(३)			गन्तव्य विन्दुसम्म पुर्याउने पछाडिको शब्द दायित्व हटाई कर्तव्य शब्द थप्ने।
९.	मा. खम्म बहादुर खातीसमेत	३	(४)			उपदफा (४) पश्चात देहायको उपदफा (५) थप्ने र उपदफाक्रम मिलाउने: (५) उपदफा (४) बमोजिम उडान रद्द, स्थगित वा विलम्ब भएको अवस्थामा यात्रुलाई वैकल्पिक उडान, टिकटको रकम फिर्ता, आवश्यक परे आवास तथा भोजन समेतको उचित सुविधा उपलब्ध गराउनुपर्नेछ ।
१०.	मा. खम्म बहादुर खातीसमेत	३	(५)			उपदफा ५ पछि निम्नानुसारको उपदफा ६ थप गर्ने । उपदफा ६: ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका, सुत्केरी तथा गर्भवती महिला, शारीरिक तथा मानसिक रुपमा असाह्य यात्रुहरुको विशेष आवश्यकताअनुसार सेवामा प्राथमिकता दिने र अतिरिक्त सुविधा दिने तथा सम्बन्धीत जनशक्तिलाइ विशेष हेरचाह सम्बन्धी क्षमता अभिबृद्धि गर्नु आन्तरिक बायुसेवा संस्थाको दायित्व हुनेछ ।
११.	मा. प्रेम प्रसाद दंगाल	३	(५)			क्षतिपूर्ति उपलब्ध गराउने पछाडिको शब्द "दायित्व" हटाई "कर्तव्य" शब्द थप्ने।
१२.	मा. प्रेम प्रसाद दंगाल	४				ब्यागेज प्रतिको पछाडिको शब्द "दायित्व" हटाई "कर्तव्य" शब्द थप्ने।

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना /दफा	उपदफा	खण्ड	उपखण्ड	
१३.	मा. खम्म बहादुर खातीसमेत	४	(४)			गराउनु पर्नेछः पछिको तर यात्रुको कारणले नै व्यागेजमा हानि नोक्सानी भएको प्रमाणित भएमा बायुसेवाले कुनै किसिमको दायित्व वहन गर्नपर्ने छैन भन्ने बाक्य हटाउने ।
१४.	मा. प्रेम प्रसाद दंगाल	४	(४)			वायुसेवाले कुनै किसिमको पछाडिको शब्द "दायित्व" हटाई "कर्तव्य" शब्द थप्ने।
१५.	मा. प्रेम प्रसाद दंगाल	६				कार्गो प्रतिभासेवाको पछाडिको दायित्व हटाई कर्तव्य शब्द थप्ने।
१६.	मा. प्रेम प्रसाद दंगाल	६	(३)			कार्गो उपरको सम्पूर्ण पछाडिको शब्द दायित्व हटाइ कर्तव्य शब्द थप्ने।
१७.	मा. खम्म बहादुर खातीसमेत	६	(६)			उपदफा (६) पछि देहायको उपदफा (७) थप्ने: (७) हवाई सेवा सञ्चालकले उपदफा (६) बमोजिमको क्षतिपूर्ति तथा सुविधा उपलब्ध गराउने प्रक्रिया यात्रुले सहज रुपमा जानकारी पाउने गरी सार्वजनिक गर्नुपर्नेछ ।"
१८.	मा. प्रेम प्रसाद दंगाल	७	(४)			नोक्सानी भएमा पछाडि वायुसेवाको कुनै दायित्व रहने छैन भन्ने शब्दहरू हटाई वायुसेवा जिम्मेवार हुने छैन भन्ने शब्दहरू थप्ने।

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना /दफा	उपदफा	खण्ड	उपखण्ड	
१९.	मा. खम्म बहादुर खातीसमेत	८	(१)			दफा ८ मा रहेको "एक लाख अमेरिकी डलर" भन्ने शब्दहरुको सट्टा "एकलाख पचास हजार अमेरिकी डलर" भन्ने शब्दहरु राख्ने ।
२०.	मा. विष्णु बहादुर विश्वकर्मासमेत	८	(१)			...अमेरिकी डलर बराबरको पछि "नेपाली" शब्द थप्ने।
२१.	मा. मदन कुमारी शाह(गरिमा)समेत	८	(१)			....अमेरिकी डलर बराबरको पछि "नेपाली" शब्द थप्ने।
२२.	मा. खम्म बहादुर खातीसमेत	९				दफा ९ मा रहेको "एक लाख अमेरिकी डलर" भन्ने शब्दहरुको सट्टा "एकलाख पचास हजार अमेरिकी डलर" भन्ने शब्दहरु राख्ने।
		११				दफा ११ मा: (क) "बीस अमेरिकी डलर" भन्ने शब्दहरुको सट्टा "तीस अमेरिकी डलर " भन्ने शब्दहरु राख्ने । (ख) "पाँच सय अमेरिकी डलर" भन्ने शब्दहरुको सट्टा "सात सय अमेरिकी डलर " भन्ने शब्दहरु राख्ने ।
		१२				दफा १२ मा रहेको "दस अमेरिकी डलर" भन्ने शब्दहरुको सट्टा "पन्ध्र अमेरिकी डलर" भन्ने शब्दहरु राख्ने ।

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना /दफा	उपदफा	खण्ड	उपखण्ड	
		१३				दफा १३ को विद्यमान व्यवस्थालाई उपदफा (१) कायम गरी त्यस्तो उपदफा (१) पश्चात देहायको उपदफा (२) थप्ने: "(२) उपदफा (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि उल्लेख बमोजिमको अवस्था हवाई सेवा सञ्चालक, विमानस्थल सञ्चालक, हवाई ट्राफिक सेवा प्रदायक वा अन्य सम्बन्धीत निकायको लापरवाही वा तोकिएको सुरक्षा मापदण्डको पालना नगरेको कारण उत्पन्न भएको त्यस्तो अवस्थालाई दायित्वबाट छुटको आधार मानिने छैन ।"
		१३	(ख)			उपदफा (ख) मा भएको भनि शब्द पछि आधिकारिक रुपमा तथ्य र प्रमाणबाट भन्ने शब्दहरु थप गर्ने ।
		१३	(३)			उपदफा (३) पश्चात देहायको उपदफा (४) र (५) थप्ने र त्यस पश्चातको उपदफाक्रम मिलाउने: "(४) उपदफा (१) बमोजिमको बीमाको रकम निर्धारण गर्दा अन्तर्राष्ट्रिय नागरिक उड्डयनसम्बन्धी प्रचलित मापदण्ड, दायित्वको सीमा तथा नेपालमा उपलब्ध बीमा तथा पुनर्बीमा क्षमता समेतलाई आधार लिनुपर्नेछ। (५) नेपाल सरकार, नेपाल नागरिक उड्डयन प्राधिकरण र सम्बन्धित नियामक निकायले हवाई सेवा सञ्चालकलाई आवश्यक बीमा तथा पुनर्बीमा

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना /दफा	उपदफा	खण्ड	उपखण्ड	
						सुविधा सहज र प्रतिस्पर्धी रुपमा उपलब्ध हुने व्यवस्था मिलाउनुपर्नेछ।"
२३.	मा. विष्णु बहादुर विश्वकर्मासमेत	१४	(१)	(क)		हटाउनु पर्ने।
२४.	मा. मदन कुमारी शाह(गरिमा)समेत	१४	(१)	(क)		हटाउनु पर्ने।
२५.	मा. भुवन बहादुर सुनार	१५	(३)			अन्तिम हरफमा बीमा शब्दपछि "हरेकको (सबै) टिकटमा नै उल्लेख" थप गर्ने।
२६.	मा. भुवन बहादुर सुनार	१९				(ज) पछि (झ) खण्ड थप्ने: मनपरी भाडा असुल गरेमा तथा यात्रुलाई सङ्कट परेको मौका पारी टिकट विक्रेताहरूले भाडा बढी लिएमा ।
		१९	(ग)			बिलम्बको शब्दपछि "समयमा" भन्ने शब्द थप्ने।
			(घ)			क्षतिपूर्ति रकमपछि "समयमा" भन्ने शब्द थप्ने।
२७.	मा. विष्णु बहादुर विश्वकर्मासमेत	२०	(१)			यस दफामा महानिर्देशकलाई जरिवाना गर्ने एकल अधिकार दिइएको छ। यसमा पुनर्विचार गर्नु पर्छ।
२८.	मा. मदन कुमारी शाह(गरिमा)समेत	२०	(१)			यस दफामा महानिर्देशकलाई जरिवाना गर्ने एकल अधिकार दिइएको छ। यसमा पुनर्विचार गर्नु पर्छ।

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना /दफा	उपदफा	खण्ड	उपखण्ड	
२९.	मा. विष्णु बहादुर विश्वकर्मासमेत	२०	(१)	(क), (ख) र (ग)		खण्ड (क), (ख) र (ग) मा व्यवस्था गरेको जरिवाना बीचको अन्तर घटाउने।
३०.	मा. भुवन बहादुर सुनार	२०	(३)			उपदफा (३) थप गरी "ग्राहक टिकट भाडा मनपरी असुल गरेमा रु १० हजार जरिवाना" उल्लेख गर्ने।
३१.	मा. खम्म बहादुर खातीसमेत	२४				दफा २४ मा : (क) "हरेक दश वर्षमा" भन्ने शब्दहरुको सट्टा "हरेक पाँच वर्षमा" भन्ने शब्दहरु राख्ने। (ख) "औसत राष्ट्रिय मुद्रास्फिति" भन्ने शब्दहरुको सट्टा "मुद्रास्फिति, विनिमय दर, वास्तविक क्षतिको प्रवृत्ति (trend), तथा अन्तराष्ट्रिय नागरिक उड्डयनसम्बन्धी liability limits" भन्ने शब्दहरु राख्ने ।
		नयाँ दफा				दफा २४ पछि देहायको दफा २५ र दफा २६ थप्ने र त्यस पश्चातको दफाक्रम मिलाउने: "२५. <u>आर्थिक प्रभाव मूल्याङ्कन:</u> (१) नेपाल सरकारले यस ऐन बमोजिमका व्यवस्था कार्यान्वयन गर्दा हवाई सेवा सञ्चालकमा पर्ने अतिरिक्त आर्थिक भार, बीमा तथा पुनर्बीमा शुल्कमा पर्ने प्रभाव, हवाई भाडामा पर्न सक्ने प्रभाव, दुर्गम तथा कम यात्रु भएका हवाई मार्गको सञ्चालनमा पर्न सक्ने

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना /दफा	उपदफा	खण्ड	उपखण्ड	
						प्रभाव तथा नेपाल सरकारको ऐन कार्यान्वयन सम्बन्धमा लागत सम्बन्धमा नियमनको आर्थिक प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्नेछ । (२) उपदफा (१) बमोजिमको मूल्याङ्कन प्रतिवेदन प्रत्येक चार वर्षको अन्त्यमा गर्नुपर्नेछ । २६. <u>प्रगति प्रतिवेदन</u>: नेपाल सरकारले यस ऐन कार्यान्वयन, हवाई सुरक्षा निगरानी, यस ऐन बमोजिमको बीमा तथा क्षतिपूर्ति व्यवस्थाको प्रभावकारिता तथा अन्तर्राष्ट्रिय नागरिक उड्डयनसम्बन्दी सुरक्षा मापदण्ड पूरा गर्ने सम्बन्धमा भएको प्रगति प्रत्येक आर्थिक वर्ष समाप्त भएको पैंतिस दिनभित्र सङ्घीय संसदसमक्ष पेश गर्नुपर्नेछ ।"
		२८				यस दफा हटाउने।

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०७ को उपनियम (२) बमोजिम क्र.सं. १ देखि ३१ सम्मको संशोधन प्रस्तावहरु छलफलका लागि स्वीकृत।

.....

(नारायण प्रसाद दाहाल)
अध्यक्ष, राष्ट्रिय सभा

मितिः २०८३।०४।३१